**नेपाल सरकार**

**भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

**सिंहदरवार, काठमाण्डौं**

**सेवा प्रवाहमा सुधार सम्बन्धी कार्ययोजना (Action Plan for Service Delivery Improvement)**

| क्र. सं | क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | अपेक्षित नतिजा /कैफियत | समयसीमा |
|---|---|---|---|---|---|
| १. | मालपोत तथा भूमि सुधार | १.१ भूमि सुधार तथा मालपोत कार्यालय / मालपोत कार्यालयले सेवा प्रवाहका लागि अबलम्बन गर्ने विधि सहितको SOP (Standard Operating Procedure/Handbook ) बनाई लागू गर्ने। | भूमि व्यवस्थापन तथा अभिलेख विभाग / भूमि सुधार तथा मालपोत कार्यालय / मालपोत कार्यालय | सेवाग्राहीलाई सहजता हुने। | २०८२ पौष मसान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १.२. जग्गाको बर्गीकरण अनुसार (निजी/सार्वजनिक/सरकारी/ हदबन्दी भन्दा बढि जग्गा आदि)को लगतको अद्यावधिक विवरण तयार गर्ने। | भूमि व्यवस्थापन तथा अभिलेख विभाग / भूमि सुधार तथा मालपोत कार्यालय / मालपोत कार्यालय | सरकारी, सार्वजनिक जग्गाको विवरण प्राप्त भई प्रभावकारी संरक्षण तथा उपयोग हुने। | २०८२ पौष मसान्त |
| | | १. ३. बिर्ता जग्गा सम्वन्धी समस्या समाधान गर्ने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग एवं | बिर्ता सम्वन्धी जग्गाको समस्या समाधान हुने। | २०८२ फाल्गुन मसान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्बन्धित भूमिसुधार तथा मालपोत / मालपोत कार्यालय | | |
| | | १.४. स्थानीय तहमा भूसेवा केन्द्र संचालन गर्न अभिमुखीकरण कार्यक्रम गरी Pilot project शुरु गरिएकोमा कम्तिमा थप १० वटा नयाँ स्थानीय तहमा समेत बिस्तार गर्ने । | भूमि व्यवस्था/ स्थानीय तह | स्थानीय तहबाट नै सेवा प्रवाह हुने। | २०८२ पौष मसान्त सम्म |
| | | १.५. मोही सम्बन्धी अभिलेख, तथ्यांक अद्यावधिक तथा संकलन गर्ने . | भूमि व्यवस्थापन तथा अभिलेख विभाग एवं सम्बन्धित भूमिसुधार तथा मालपोत / | जग्गामाथिको द्वैध स्वामित्व अन्त्य हुने | २०८३ असार मसान्त सम्म<br><br>(मोही बाँडफाँड निबेदन दिने म्याद २०८२ चैत्र मसान्त सम्म) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मालपोत कार्यालय | | |
| | | १.६. दूर्गम तथा आवश्यक पर्ने क्षेत्रहरुमा मालपोत कार्यालय  थप गर्ने। | मन्त्रालय / भूमि व्यवस्थापन विभाग | दुर्गम क्षेत्रका थप ४ स्थानमा मालपोत कार्यालय विस्तार भै सेवामा नागरिकको पहुँच सहज हुने । | २०८२ फाल्गुन मसान्त |
| | | १.७. भूमि बैंक स्थापना, सञ्चालन र व्यवस्थापनको लागि कार्यविधि तर्जुमा गर्ने । | मन्त्रालय (योजना, अनुगमन तथा मुल्याङ्कन महाशाखा) | कार्यविधि तर्जुमा भै स्थानीय तहमा भूमि बैंक स्थापना, सञ्चालन र व्यवस्थापनमा सहजीकरण हुने । | २०८२ फाल्गुन १५ भित्र |
| | | १.८. भूमि समस्या सम्बन्धी राष्ट्रियस्तरको Realtime डाटाबेस तयार गर्ने। | भूमि समस्या समाधान आयोग | • भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको | २०८३ माघ मसान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निवेदनको एकीकृत लगत तयार भएको हुने | |
| २. | सहकारी क्षेत्र सुधार | २.१. समस्याग्रस्त सहकारीहरूको विस्तृत विवरण सहितको श्वेतपत्र जारी गर्ने। | समस्याग्रस्त सहकारी व्यवस्थानपन समिति | समस्याग्रस्त सहकारी सम्बन्धी श्वेतपत्र (status paper) तयार भै जारी भएको हुने | तुरुन्तै |
| | | २.२. कोपोमिसमा बचत तथा ऋण सहकारीलगायत सबै प्रकारका सहकारी संस्थाहरूको सहकारी ऐन र नियमावली बमोजिमको विवरण अद्यावधिक गर्ने । | सहकारी विभाग | संचालनमा रहेका सबै प्रकृतिका सहकारी संस्थाहरुको समष्टिगत विवरण प्रणालीमा प्रबिष्टि भई पूर्णरुपमा अध्याबधिक भएको हुने | २०८२ फाल्गुन मसान्त |
| | | २.३. बचत तथा ऋण सहकारीमा नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले तोकेको मापदण्ड पालना एवं कार्यान्वयनको अनुगमन गर्ने। | राष्ट्रिय सहकारी नियमन प्राधिकरण / सहकारी विभाग विभाग/प्रदेश | कारोवार रकम जोखिमको स्तर तथा गुनासोको संख्याको आधारमा कम्तिमा एक तिहाई बचत तथा ऋण | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरकारको सम्बन्धित मन्त्रालय / सम्बन्धित स्थानीय तह | सहकारी संस्थाको स्थलगत वा गैरस्थलगत अनुगमन गरिएको हुने | |
| | | २.४. समस्याग्रस्त सहकारीका सम्बन्धमा भएका कार्य प्रत्येक हप्ता वेबसाइटमा सार्वजनिक गर्ने। | समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय | समस्याग्रस्त सहकारीका सम्बन्धमा भएका कार्य पारदर्शी हुने | निरन्तर |
| | | ५. उच्च जोखिम भएका सहकारीको सूचीकरण र वर्गीकरण गर्ने। | राष्ट्रिय सहकारी नियमन प्राधिकरण | प्राधिकरणको सफ्टवेयरमा दर्ता भएका सहकारीहरुले पेश गरेको विवरणको अध्ययन तथा विश्लषणको आधारमा सूचीकरण एवं | २०८२ फाल्गुन मसान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बर्गीकरण कार्यको थालनी भएको हुने | |
| | | २.६. सहकारी क्षेत्रमा भएको बेथिति सम्बन्धी छानविन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | बेथिति सम्बन्धी छानविन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन भएको हुने | तुरुन्तै |
| | | २.७. राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई ऐन बमोजिमको कार्य सम्पादन गर्न जनशक्ति व्यवस्थापन एवं प्राविधिक सहायता उपलब्ध गराउने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय / राष्ट्रिय सहकारी नियमन प्राधिकरण | नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत अस्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसारको जनशक्ति उपलब्ध भएको हुने<br><br>प्राधिकरणमा स्थायी दरबन्दी कायम गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिको | तत्काल<br><br>माघ मसान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लागि मन्त्रालयमा पेश भएको हुने | |
| | | २.८. सहकारी बचतकर्ताको रकम ठगी गर्ने, अपचलन गर्ने दोषी सञ्चालक/पदाधिकारी/कर्मचारी विरुद्ध पक्राउ पुर्जी, राहदानी रोक्का, मुद्दा दर्ता लगायतका विवरणका लागि सहकारी Real-Time Monitoring Dashboard तयार गर्ने। | समस्याग्रस्त सहकारी व्यवस्थापन समिति | नियमनकारी निकायहरुलाई तत् सम्बन्धमा कानूनी कारवाही गर्न सहज भएको हुने | २०८२ माघ १० |
| | | ३.१. देशभरका सबै स्थानीय तहको भूउपयोगको अवस्था झल्किने GIS Map तयार गरी प्रकाशन गर्ने । | नापी विभाग | • प्रदेशस्तरीय भूउपयोग नक्सा तयार भएको हुने | २०८२ पौष मसान्त |
| | | ३.२.भूउपयोग अनुसारको नक्सा (Atlas) तयार गर्ने। | नापी विभाग | • भूउपयोग सम्वन्धी एकीकृत जानकारी नक्शामार्फत प्रवाह भएको हुने | २०८२ पौष मसान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | नापी क्षेत्र सुधार | ३.३. सबै नापी कार्यालयले सेवा प्रवाहका लागि अबलम्बन गर्ने विधि सहितको SOP (Standard Operating Procedure/Handbook ) बनाई लागू गर्ने। | नापी विभाग / नापी कार्यालय | नापी कार्यालयहरुको सेवा प्रवाहमा एकरुपता कायमभएको हुने | २०८२ पौष मसान्त |
| | | ३.४. अन्तराष्ट्रिय सीमास्तम्भ मर्मत तथा व्यवस्थापनमा समन्वय गर्ने। | नापी विभाग | सीमा स्तम्भ नियमित मर्मत सम्भार भएको हुने | सशस्त्र प्रहरी बल, नेपाल संग निरन्तर समन्वय गर्ने। |
| | | ३.५. नापी नभएको भूभागको नापनक्सा गर्ने।<br><br>साथै गुठीका जग्गाहरु नापी हुन बाँकी रहेका स्थान नवलपरासी, सुनसरी, दोलखा, सङ्खुवासभा जिल्लामा नापी दर्ता सुरु गरि सम्पन्न गर्ने। | नापी विभाग | देशव्यापी रुपमा नापनक्शाको कार्य सम्पन्न भएको हुने | नापी गोश्वारा स्थापना भए पश्चात नियमित रुपमा सञ्चालन गर्ने |
| | | ३.६. दुर्गम तथा आवश्यक पर्ने क्षेत्रहरुमा नापी कार्यालय थप गर्ने र नापनक्सा | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण | • मालपोत कार्यालय विस्तार भएका स्थानमा ४ वटा नापी | २०८२ पौष मसान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यको लागि छुट्टै नापी कार्यालय स्थापना गर्ने | मन्त्रालय / नापी विभाग | कार्यालय स्थापना भै सेवा प्राप्तिका लागि नागरिकको सहज पहुँच भएको हुने<br>• नापजाँच गर्न ७ वटा नापी गोश्वारा स्थापना भई व्यवस्थित नाप नक्सा सञ्चालन भएको हुने | |
| | | ३.७. नापी कार्यालयहरुमा संचालनमा रहेको प्रणाली NeLIS लाई चुस्त बनाई सबै नापी कार्यालयमा विस्तार गर्ने । | नापी विभाग/नापी कार्यालय | सम्पूर्ण नापी कार्यालयहरुबाट NeLIS मार्फत सेवा प्रवाह भएको हुने | २०८२ फागुन मसान्त |
| | | ४.१. गुठी जग्गा सम्बन्धमा वि.सं. २०६२ मा भोजराज घिमिरेको संयोजकत्वमा पेश भएको प्रतिवेदन लागू गर्न कार्यदल गठन गर्ने । | गुठी संस्थान | • कार्यदलले पेश गरेको प्रतिवेदनका आधारमा उक्त प्रतिवेदन कार्यान्वयनमा आई | तुरुन्तै |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | गुठीको जग्गा संरक्षण | | | गुठी जग्गा संरक्षण भएको हुने | |
| | | ४.२. गुठी संस्थान, संचालक समितिको ३ जना सदस्य नियुक्ति गरि सञ्चालक समितिलाई पूर्णता दिने। | मन्त्रालय, गुठी संस्थान | गुठी संस्थान, सञ्चालक समितिले पूर्णत पाई वैठक नियमित बसेको हुने | निरन्तर |
| | | ४.३. गुठी संस्थान ऐन, २०३३ दफा ७ बमोजिमको विद्वत समिति गठन गर्ने। | मन्त्रालय, गुठी संस्थान | विद्वत समितिबाट गुठी संस्थान सञ्चालक समितिलाई आवश्यक सल्लाह सुझाव प्राप्त भएको हुने | तुरुन्तै |
| | | ४.४. मठाधीश, पुजारी, चिनिया लामा लगायतको पारिश्रमिक तोक्ने सम्बन्धी मापदण्ड तर्जुमा गर्ने । | गुठी संस्थान | मठाधीश, पुजारी, चिनिया लामाको पारिश्रमिकमा एकरुपता कायम भई मठमन्दिरको भेटीघाटी समेतको | २०८२ पौष मसान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उचित व्यवस्थापन भएको हुने | |
| | | ४.५. मठाधीश तथा चिनिया लामा नियुक्ति सम्वन्धी मापदण्ड संशोधन/ परिमार्जन गर्ने । | गुठी संस्थान | • नियुक्तिको स्पष्ट मापदण्ड तय भएको हुने,<br>• योग्य व्यक्ति मठाधीश तथा चिनिया लामा नियुक्ति भएको हुने | २०८२ पौष  मसान्त |
| | | ४.७. श्रीगणेश र श्रीभैरबको आवासको लागि हनुमानढोकास्थित साविक नव आदर्श बिद्यालयको भवन रहेको स्थानमा भवन निर्माणका लागि शिक्षा मन्त्रालयसंग जग्गाको भोगाधिकारका लागि समन्वय गर्ने। | मन्त्रालय, गुठी संस्थान | शिक्षा मन्त्रालयसंगको समन्वयमा श्री गणेश र श्री भैरवलाई स्थायी आवासको व्यवस्था भएको हुने | २०८२ माघ मसान्त |
| | | ४.८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालाय अन्तर्गत पर्ने क्षेत्र विकास समिति र गुठी व्यवस्थापन समिति बीचको | मन्त्रालय, गुठी संस्थान | • एकद्वार प्रणालीबाट सांस्कृतिक धरोहरको व्यवस्थापन भएको हुने | २०८२ माघ १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **दोहोरो क्षेत्रअधिकारको बिषय निराकरण गर्ने ।** | | **• क्षेत्राधिकार सम्बन्धी विवादको अन्त्य भएको हुने** | |
| | | **४.९. रैतानी, अधिनस्थ र तैनाथी गुठी जग्गाको लगत verification गरी सो लगत तयार गर्ने र त्यस्ता जग्गाको संरक्षण गर्ने।** | **गुठी संस्थान** | **• गुठी जग्गाको कित्तागत अभिलेख अद्यावधिक भएको हुने<br>• जग्गा संरक्षणमा थप प्रभावकारिता आउने** | **तैनाथी जग्गाको २०८२ फाल्गुन मसान्त र अन्य जग्गाको निरन्तर भइरहने प्रकृया** |
| **५.** | **कानून तथा फैसला कार्यान्वयन** | ५.१. भूमि, गुठी, सहकारी सम्बन्धी सर्वोच्च **अदालतको** फैसला, आयोगका प्रतिवेदन संकलन छुट्टै गरि compendium बनाउने। | **मन्त्रालय, गुठी संस्थान** | **• सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला, विभिन्न आयोगको प्रतिवेदन एकत्रित भएको हुने,<br>• कार्यान्वयनमा सहजता आउने** | **२०८२ माघ १५** |
| | | ५.२. भूमि, मालपोत, जग्गा नाप जाच | **मन्त्रालय, गुठी संस्थान,** | **भूमि, सहकारी, गुठी र गरिवी निवारण** | **मस्यौदा तयारी कार्य २०८२ फाल्गुन** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गुठी, सहकारी, गरिवी निवारण, सम्वन्धि ऐन र नियमवाली संशोधनको खाका तयार गर्ने। | **सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण** | **सम्बन्धी ऐन तथा नियमावली निर्माण तथा संशोधन भएको हुने।** | **मसान्तसम्ममा** |
| **६.** | **सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन** | **६.१. वेवसाइटमा नागरिक वडापत्र, chatbot आदि सहित Dynamic र अद्यावधिक गर्ने ।** | **सबै विभाग/ समिति/संस्थान कार्यालय** | **• मन्त्रालय र मातहतका सबै निकायका वेबसाइटमा नागरिक बडापत्र अद्यावधिक भएको हुने।** | **निरन्तर अद्यावधिक हुने** |
| | | **६.२. उजुरीको लागि Hotline No., इमेल, हेल्पडेस्क कार्यान्वयनमा ल्याउने ।** | | **• सेवाग्राहिले सेवा सम्वन्धी उजुरीको लागि हटलाइन, इमेलको माध्यम प्रयोग गर्न सकिने व्यवस्था तयार हुने।** | **निरन्तर सञ्चालनमा रहेको** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६.३. सूचक बनाई कार्यालयको सेवा तथा व्यवस्थापन मापन । | | • सबै कार्यालयको सेवा तथा व्यवस्थापन मापनको आधार तयार भएको हुने। | २०८२ माघ १५ |
| | | ६.४. भूमि प्रशासन सम्बन्धी, सहकारी सम्बन्धी र नापी सम्बन्धी The most frequently asked Questions (FAQ) वेबसाइटमा राख्ने । | | • सेवाग्राहीले आवश्यक सूचना सहज रुपमा प्राप्त गर्न सकिने। | २०८२ पौष मसान्त |